नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ; प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी ज्यूको अध्यक्षतामा आज मिति २०७८/१०/१७ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थितिः**

| क्र.स. | नाम थर | पद | कार्यालयको नाम | दस्तखत |
|---|---|---|---|---|
| १ | लालबाबु कवारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय सिरहा | |
| २ | राम चन्द्र ठाकुर | समन्वय प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय सिरहा | |
| ३ | सुरज थापा | प्रमुख सेनानी | शेर गण, नेपाली सेना | |
| ४ | अर्जुन तिमिल्सिना | प्र० उ० | जि.प्र.का. सिरहा | |
| ५ | रमेश कुमार थापा | स.प्र.उ. | स.प्र.बल नेपाल, नं. ६ गण सिरहा | |
| ६ | | | | |
| ७ | राजदेव यादव | सभापति | रेडक्रस सिरहा | |
| ८ | प्रमोद कुमार पाण्डे | अध्यक्ष | सिरहा उ०वा० संघ | |
| ९ | डा. विनय प्रभाकर शर्मा | मे.अ. | प्रादेशिक अस्पताल, सिरहा | |
| १० | देव कुमार यादव | केन्द्रीय पार्षद सदस्य | नेपाल पत्रकार महासंघ | |
| ११ | कृष्णदेव यादव | प्रमुख | स्वास्थ्य कार्यालय, सिरहा | |
| १२ | हरिनारायण चौधरी | नगर प्रमुख | धनगढीमाई | |
| १३ | विजय महतो | गा.पा. अध्यक्ष | अर्नमा | |
| १४ | सन्तोष कुमार महतो | गा०पा० अध्यक्ष | बरियारपट्टी गा०पा० | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक मिति २०७८/१०/१७ गते।**

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १६०७ मिति २०७८/१०/१६ को पत्र बाट प्राप्त देहायको निर्देशन बारे बैठकमा अवगत भयो। प्राप्त निर्देशन कडाइका साथ पालना गर्ने गराउने निर्णय गरियो।।

- हेल्थ क्लव, जिम खाना, स्वीमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकाराका कार्यक्रम २०७८ माघ मसान्तसम्म संचालन नगर्ने।
- कलेज, ट्यूसन, सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संचालन गर्दा भौतिक उपस्थितिमा नगरी २०७८ माघ मसान्तसम्म भर्चुअल वा बैकल्पिक शिक्षण सिकाई विधिहरु अपनाई संचालन गर्ने एवं विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने।

२. शीतलहर पूर्व तयारी तथा प्रतिकार्य गर्नका लागि विपद् व्यवस्थापन कोषमा रहेको रकम बाट रु ५,००,०००/- (पाच लाख मात्र) को कम्वल खरिद गरी बितरण गर्ने निर्णय गरियो।

३. कोभिड -१९ विरुद्धको खोप लक्षित समुदायमा चैत्र मसान्तसम्म शत प्रतिशतलाई लगाई सक्ने नेपाल सरकारको नीति बमोजिम मिति २०७८/१०/१५ गते सम्म सिरहा जिल्लाको कोभिड -१९ विरुद्धको खोपको प्रगति देहाय बमोजिम रहेको ;

- १२ देखि १७ वर्ष उमेर समुहमा प्रथम डोजको प्रगति ८९ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा प्रथम डोजको प्रगति ६२ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा दोस्रो डोजको प्रगति ४८ प्रतिशत।

४. नेपाल सरकार, शिक्षा , बिज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/१०/१० को सूचना बमोजिम २०७८/१०/१५ गते देखि माघ २० गते सम्म १२ देखि १७ वर्षका विद्यार्थिहरुलाई अभियानको रुपमा खोप दिने प्रयोजनका लागि स्वास्थ्य कार्यालय सिरहा र स्थानीय तहहरुको समन्वयमा विद्यालय खुल्ला गरी तपसिलको तालिका बमोजिम मोडर्ना खोप संचालनमा रहेको जानकारी प्राप्त भयो। यस अभियानमा सरोकारवाला सवैले आवश्यक सहयोग गरि दिनु हुन अनुरोध छ।

| खोप अभियान मिति | अभियान संचालन हुने स्थानीय तह | खोप केन्द्रहरु | लगाईने खोप | लक्षित समुह |
|---|---|---|---|---|
| २०७८ माघ १२ गते देखि १४ गते सम्म | बरियारपट्टी र नवराजपुर | तोकिएका विद्यालयहरुमा | मोडर्ना (पहिलो र दोस्रो मात्रा) | १२ देखि १७ वर्ष समुहका सबै बालवालिकाहरु |
| २०७८ माघ १६ गते देखि माघ १८ गते सम्म | गोलबजार, धनगढीमाई , सुखिपुर, अर्नामा,औरही, भगवानपुर र लक्ष्मिपुरपतारी | | | |
| २०७८ माघ १७ गते देखि माघ १९ गते सम्म | सिरहा, लहान, कल्याणपुर, मिर्चैया, कर्जन्हा, नरहा, सखुवानन्कारकट्टी र बिष्णुपुर | | | |

५. स्वास्थ्य कार्यालय सिरहाको समन्वयमा जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट अगामी २०७८ माघ २४ गते देखि माघ २९ सम्म दुई चरणमा ६० वर्ष र सो भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई बुस्टर डोज खोप लगाईने साथै १८ वर्ष सो भन्दा माथिका उमेर समुहको लागि हालसम्म पहिलो/दोस्रो मात्रा नलगाएकालाई आवश्यक्ता बमोजिम पहिलो/दोस्रो खोप लगाईने व्यहोरा जानकारी प्राप्त भयो । जिल्लाका २१ वटा खोप केन्द्रहरुबाट सार्वजनिक विदाको दिन वाहेक कोभिड विरुद्धको खोप सेवा संचालन भई रहेको जानकारी प्राप्त भयो ।

६. साविक गा.वि.स. ठाडी, बिश्वाशपट्टी वडा नं. ३ कित्ता नं. ३०५ को उत्तर पूर्वतर्फबाट ०-८-० कठ्ठा जग्गा सशस्त्र प्रहरी बल बि.ओ. पि. ईनर्वालाई उपलव्ध गराउने सम्वन्धमा भगवानपुर गाउँपालिकाको बैठकबाट निर्णय भएको भनी सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहाको च.नं. ७६६ मिति २०७८/१०/०१ को पत्र बाट लेखी आएकोले उक्त जग्गा सशस्त्र प्रहरी बल, नेपाल बि.ओ.पि. ठाडी ईनर्वाको भवन निर्माण गर्न उपलव्ध गराउनको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनिति, २०७१ बमोजिम त्यस्तो जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनका लागि आवश्यक नपर्ने भन्ने व्यहोरा खुलाई गृह मन्त्रालयबाट सिफारिस लिनु पर्ने व्यवस्था रहेकोले गृह मन्त्रालय बाट सिफारिस प्राप्त गर्न मन्त्रालयमा अनुरोध गर्ने ।

७. गृह मन्त्रालयको च.नं.१६० मिति २०७८/१०/०६ को पत्र साथ यस जिल्लामा शीतलहर तथा चिसोबाट प्रभावित हुन सक्ने अति विपन्न व्यक्ति तथा समुदायलाई बितरण गर्नको लागि प्राप्त आपतकालिन बन्दो बस्तिका समान देहाय बमोजिम प्राप्त भएको व्यहोरा बैठकमा अवगत भयो ।

| क्र.स. | सामाग्रीको बिबरण | पिस/जोर | | क्र.स. | सामाग्रीको बिबरण | पिस/जोर | |
|---|---|---|---|---|---|---|---|
| १ | बाक्लो ज्याकेट | पुरुष | २०० | १२ | पाईन्ट ट्राउजर | पुरुष | ९४५ |
| २ | पातलो ज्याकेट | पुरुष | ५२४ | १३ | सर्ट | पुरुष | २१ |
| ३ | हाफ ज्याकेट | पुरुष | १२९ | १४ | ब्रा | महिला | १३५ |
| ४ | जुत्ता | पुरुष | ७२० | १५ | पेण्टी | महिला | १३४ |
| ५ | जुत्ता | बच्चा | २२१ | १६ | चप्पल | पुरुष | ३८ |
| ६ | जुत्ता | महिला | १७५ | १७ | ट्रयाकसुट | पुरुष | ६ |
| ७ | स्यान्डल | पुरुष | १२३ | १८ | गेम ड्रेस | बच्चा | २४ |
| ८ | स्यान्डल | महिला | २४ | १९ | झोला | बच्चा | ९२ |
| ९ | स्यान्डल | बच्चा | ६४ | २० | झोलाव सहित गेम ड्रेस | बच्चा | २० |
| १० | हाफ टिसर्ट | पुरुष | १७३ | २१ | रोल क्लोथ | | ३ रोल |
| ११ | फुल टिसर्ट | पुरुष | १२०० | | | | |

माथि उल्लेखित सामाग्रीहरु जिल्ला विपद् व्यवस्थापन समिति मार्फत बितरण गर्ने निर्णय गरियो ।

८. सिरहा जिल्लामा कोभिड -१९ को संक्रमण एवं व्यवस्थापन सम्बन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलिण्डर संख्या |
| सिरहा | १२८ | ४ | ८५ | ० | ० | १२३ | २७९ | २१० | ० | ० | १२३ | ० | २ | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |